म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १५१ २०८१ वैशाख १० गते सोमबार 22 April 2024, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

"सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"

**विद्यार्थी भर्ना अभियान-२०८१**

विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा पुऱ्याऔं । विद्यार्थी भर्नासँगै गुणस्तरीय शिक्षाको सुनिश्चिततामा सरकार गम्भीर ध्यानाकर्षण होस् ।

सुरेश श्रेष्ठ, सम्पादक
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा-४, मकवानपुर

### प्रधानाध्यापक श्रीराम दाहालका योजना

## अङ्ग्रेजी मध्यमका कक्षा थप गर्दैछौं

हामीकहाँ शैक्षिक सत्र २०८० को वार्षिक परीक्षामा ५ सय १७ जना विद्यार्थी सहभागी भए । दुई बर्षमा झण्डै २ सय ५० विद्यार्थी बढेको छ । दुई बर्षअघि विद्यालय मर्ज गर्नुपर्छ भनिएको थियो । त्यति बेला मर्ज गर्नु हुँदैन भन्यौं । विद्यार्थी किन आएन त्यहाँ खोजी गरौं, त्यहाँ सुधार गरौं, विद्यालय बचाउँ अभियान नै चलायौं ।

शिक्षक संख्या माध्यमिक तहमा ५ जना, आधारभुत तहमा ४ जना, प्राथमिक तहमा ८ जना छौं । प्रारम्भिक बालविकास कक्षामा १ जना र निजी श्रोतका शिक्षक ६ जना रहेकोमा थप ५ जना शिक्षक निजी स्रोतबाट नियुक्त गर्ने प्रक्रिया जारी छ । आया १ जना रहेको र १ जना थपिँदैछ । लेखापाल १ जना र कार्यालय सहयोगी ४ जना रहेका छन् । खाली कक्षा प्रबन्ध गर्न १ जना स्वयम्सेवक शिक्षक हुनुहुन्छ । अढाई बर्षदेखि ५ बर्ष मुनिका बालबालिकाहरु ८१ जना अध्ययनरत छन् । सरकारले १ जना शिक्षक दिनुभएको छ । शिक्षक अपुग भएको सन्दर्भमा नगरपालिकाको ध्यानाकर्षण गराउँछु ।

शैक्षिक बर्षका लागि तयार गरिएको योजनासँगै कार्ययोजना तयार गर्ने गरेका छौं । हामी शैक्षिक क्यालेण्डर तयार गर्ने र कार्य विभाजन गर्नेछौं । पूर्वप्राथमिक तहलाई व्यवस्थित गर्ने तयारी रहेको छ । अङ्ग्रेजी माध्यमको शिक्षालाई थप गर्ने प्रक्रिया चलिरहेको छ जुन २०८० को योजना रहेको छ । भौतिक निर्माण, नृत्य कक्षा प्रारम्भ गर्ने शैक्षिक सत्र २०८० कै योजना रहेको छ । र यो योजना कार्यान्वयन गर्नका लागि समुदायमा समन्वय गर्ने, अभिभावक भेटघाट र अन्तरक्रिया गर्ने, अनुपस्थित विद्यार्थीका अभिभावकहरुलाई फोन सम्पर्क गर्ने, नृत्य कक्षा सञ्चालन गर्ने, अभिभावकहरुको उपस्थितिमा पृष्ठपोषण सहितको परीक्षाफल वितरण गर्ने, पूर्व विद्यार्थी भेला, छलफल र अन्तरक्रियालाई बढाउनु पर्छ भन्ने हाम्रो योजना अन्तर्गत रहेको छ ।

विद्यालयका केहि प्रमुख समस्याहरु छन् । विद्यार्थी संख्या कम हुनु, स्थानीय अभिभावकहरुका बालबालिकाको संख्या न्युन हुनु, विद्यार्थीहरुका पठन संस्कृतिको कमी, नियमित विद्यालय नआउनु, लामो



शैक्षिकसत्र २०८० का अभ्यास, उपलब्धी र सिकाई तथा शैक्षिक सत्र २०८१ को योजना प्रस्तुत गर्नुहुँदै श्रमिक माविका प्रधानाध्यापक श्रीराम दाहाल ।

समयसम्म अनुपस्थित हुनु विद्यालयका प्रमुख समस्या हुन् । छोराछोरीको पढाईप्रति अभिभावकको चासो कम हुने र घरमा पढ्ने वातावरणको सृजना नगरिदिनु पनि समस्याकै रुपमा रहेको छ । शैक्षिक सत्रको अन्तिमसम्म पनि नयाँ विद्यार्थी भर्ना भइरहनु, भर्ना भएका विद्यार्थीहरुले बीचमै विद्यालय छाड्ने समस्या रहेको छ । विद्यार्थीसँग अत्ति आवश्यक शैक्षिक सामग्री नहुनु, विद्यालयमा नयाँ नयाँ प्रविधिका शैक्षिक सामग्री पुरा गर्न नसकिएको अवस्था छ । विद्यार्थीले निर्माण गरेका विषयगत शैक्षिक सामग्रीको व्यवस्थापन गर्ने कक्षाकोठा छैन । कम्प्युटर प्रयोगशालामा पर्याप्त कम्प्युटर छैनन् । कम्प्युटर शिक्षकको व्यवस्था गर्न सकिएको छैन ।

शैक्षिक सत्र २०८० मा मन्टेश्वरी कक्षा संचालन भएको छ । जहाँ ३६ जना बालबालिका अध्ययनरत छन् । विद्यार्थी संख्या बृद्धि भएको छ । थप भवन तथा फर्निचर व्यवस्थापन भएको छ । स्थानीय समुदाय र पूर्वविद्यार्थीहरुको अपनत्वमा बृद्धि भएको छ । बाहिरी क्रियाकलापहरुमा विद्यार्थीहरुले राम्रो नतिजा ल्याएका छन् । अङ्ग्रेजी माध्यमको शिक्षा थप भएको छ । र पूर्वविद्यार्थी समाज गठन भएको छ ।

शैक्षिक सत्र २०८० मा भएका राम्रा अभ्यासहरुमा १५ जना शिक्षकहरुसँग ल्याप्टप रहेको छ, ८ वटा कोठामा प्रोजेक्टर जडान भएको छ । आईसिटीको माध्यमबाट पढाउने प्रयत्न गरेका छौं । त्यसैगरी शनिवारे परीक्षा गर्छौं । हरेक शनिबार कक्षा ४ देखि ८ सम्मका बालबालिकाहरु परीक्षा दिन आउनुहुन्छ । हामी वर्षैभरि यो परीक्षा सञ्चालन गर्छौं । पुस्तकालयमा नियमित विद्यार्थीहरुलाई पढ्न पठाउने प्रयत्न गरेका छौं । परीक्षा नतिजा वितरण गर्दा हरेक अभिभावकको हातमा फिडब्याक दिएर मात्र नतिजा दिने प्रचलन छ । अभिभावक भेला पनि बेला बेलामा राख्ने गरेका छौं । जहाँ प्रत्येक कक्षाको अभिभावकहरु भेला हुन्छन् । हामीले विद्यालय क्याप्टेन, भाईस क्याप्टेन, सदनगत क्याप्टेन बनाएका छौं । जुन निर्वाचन अभ्यासबाट गराउछौं । विद्यालय भित्र जंकफुड निषेध गरेका छौं । अतिरिक्त क्रियाकलापहरु नियमित गर्छौं । विद्यार्थी बढाउन सरस्वति पुजाको दिन अक्षरारभ कार्यक्रम गर्छौं ।

विद्यार्थीका अभिभावकहरुले बालबालिका के गरिरहेका छन् भन्दै पिजि कक्षा र नर्सरी कक्षाका अभिभावकहरुले घरबाटै सिसिटिभिको माध्यमबाट हेर्न सक्नुहुन्छ । विद्यालय भित्र स्काउटको गतिविधि हुन्छ । नृत्य कक्षा हुन्छ । विविध चाडपर्वहरुमा बालबालिकाहरुलाई सहभागी गर्छौं । त्यसैगरी पठन संस्कृतिको विकास गर्न एउटा कक्षालाई चयन गरेर पत्रिका पढाउँछौं । कक्षा शिक्षक मार्फत हामी अनुपस्थित विद्यार्थीलाई फोन गर्छौं । त्यसैगरी गृहकार्य लेख्नका लागि होमवर्क डायरीको व्यवस्था गरिएको छ । छात्रवृत्ति अक्षय कोषको सुरुवात गरिएको छ । विद्यार्थीलाई शैक्षिक अवलोकन भ्रमण गराउने गरेका छौं ।

व्यवहारिक ज्ञान र सीपको अभ्यास हुन्छ । दुना टपरी बनाउने, बत्ति बनाउने, धान रोप्ने जस्ता क्रियाकलाप त्यसमा हुन्छन् । खाना महोत्सव हुन्छ । सचेतना ऱ्याली हुन्छ । शैक्षिक सत्र २०८० का प्रमुख चुनौतिमा श्रोत साधन र जनशक्तिको अभाव प्रमुख रहेको छ । निम्न वर्गका अभिभावकका विद्यार्थीहरु विद्यालयमा छन् । शैक्षिक सत्र २०८१ का लागि अङ्ग्रेजी मध्यमका कक्षा थप गर्दै जाने र नयाँ विद्यार्थी भर्ना गर्ने तयारी रहेको छ । खेल मैदान सुधार गर्ने, विभिन्न निकायबाट प्राप्त श्रोतको उपयोग गर्ने, अभिभावकसँग भेटघाट बढाउने तयारी छ । विद्यालयलाई बालमैत्री घोषणा गर्ने तयारी छ । सार्वजनिक बिदामा समेत पूर्वप्राथमिक तहको कक्षा सञ्चालन गर्नेछौं ।

(२०८० चैत २५ गते आयोजना गरिएको कार्यक्रममा हेटौँडा-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालयको योजना प्रस्तुती कार्यक्रममा प्रधानाध्यापक श्रीराम दाहालले प्रस्तुत गर्नुभएको विवरणको सम्पादित अंश)

## मोटरसाइकल डिभाइडरमा ठोक्किँदा चालकको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको रत्ननगर नगरपालिका-१०, त्रिनेत्र पेट्रोल पम्प नजिक मोटरसाइकल डिभाइडरमा ठोक्किँदा चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा चितवन जिल्लाको खैरहनी नगरपालिका-७ का २२ वर्षीय देवनारायण चौधरी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको हो ।

शनिबार राति साढे ११ बजेको समयमा भरतपुरबाट टाँडीतर्फ जाँदै गरेको ना २१ प ४१५८ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई डिभाइडरमा ठोक्किएको थियो । दुर्घटना हुँदा चालक चौधरीको दाहिने हात, बायाँ आँखामाथि चोट लागी गम्भीर घाइते भएका थिए । घाइते चौधरीलाई उपचारका लागि चितवन मेडिकल कलेज लगिएकोमा उपचारको क्रममा बिहान १२ बजेर २२ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ ।




## भाषा विधेयक पास गर्दैछौं: मुख्यमन्त्री जमकट्टेल



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जमकट्टेलले संघीयताको कार्यान्वयन गर्दै प्रदेशले भाषा विधेयक पास गर्न लागेको बताउनुभएको छ । आइतबार मुख्यमन्त्री कार्यालयमा नेवाः राष्ट्रिय मुक्ति मोर्चाले बुझाएको ज्ञापनपत्र बुझ्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो ।

प्रदेशले पास गर्न लागेको भाषा विधेयक संघीयता कार्यान्वयनको महत्वपूर्ण पक्ष भएको उहाँको भनाइ छ । मुख्यमन्त्री जमकट्टेलले बागमती प्रदेश सरकार अहिले भाषा विधेयक पास गर्ने अन्तिम चरणमा पुगेको बताउनुभयो । आगामी बैशाख २४ गतेबाट प्रदेशमा भाषा विधेयक पास गरी कार्यान्वयन गर्ने उहाँले बताउनुभयो ।

प्रधानमन्त्री पुष्पकमल दाहालको प्रमुख आतिथ्यमा बागमती प्रदेशमा तामाङ भाषा र नेपाल भाषा कार्यान्वयन घोषणा गर्ने तयारी भएको उहाँले बताउनुभयो । उहाँले यो विधेयक कार्यान्वयनका लागि विज्ञ समूह बनाउने बताउनुभयो । आगामी बुधबार बस्ने मन्त्रिपरिषद् बैठकले विज्ञ समूह बनाउने उहाँले बताउनुभयो ।

मुख्यमन्त्री जमकट्टेलले भन्नुभयो- 'हामीले प्रदेशभित्रका १ सय १९ वटै स्थानीय तहको वडा-वडामा कार्यान्वयन हुने गरी भाषा विधेयकलाई कार्यान्वयन गर्छौं । भाषा विधेयक कार्यान्वयन भएर अघि बढिसकेपछि नयाँ जागरण पैदा हुन्छ र सरकारी कार्यालयमा भाषाका कारण उत्पन्न हुने गरेको धेरै समस्या अत्य हुने विश्वास लिएका छौं । '

मुख्यमन्त्री जमकट्टेलले तत्काल प्रदेशभित्र रहेका कला, संस्कृति र सभ्यताको संरक्षण गर्ने ऐन बनाउने बताउनुभएको छ । पछिल्लो समय यी सबै कुराहरु धराशायी बन्दै गइरहेको भन्दै उहाँले यसको संरक्षणका लागि ऐन नै बनाएर अगाडि बढ्ने बताउनुभयो । उहाँले नेपालको मुख्य सम्पदा र सभ्यताको विकासको आधार काठमाडौं उपत्यकाको नेवार सभ्यता भएको बताउनुभयो । नेवार सभ्यतासँग जोडिएका सबै कुरा अहिले विस्तारै धराशायी बन्दै गइरहेको भन्दै उहाँले यसको संरक्षण गर्न आवश्यक रहेको बताउनुभयो ।

देश संघीय शासन प्रणालीमा गइसकेपछि हिजोको सभ्यताको खोजतलास गर्न थालेको उहाँले बताउनुभयो । उहाँले यसको निकास गर्न कानुन चाहिने भन्दै सबै सभ्यताको पहिचान, कला संस्कृतिको संरक्षण गर्न बिना कानुन नसक्ने बताउनुभयो । सरकारले सानो लगानी गरेर कुनै अर्थ नरहने र सरकारले वार्षिक रुपमा बजेट छुट्याएर जान ऐन नै बनाउन आवश्यक रहेको उहाँले बताउनुभयो । उहाँले आगामी साउन भदौसम्म ऐन बनाएर पास गर्ने पनि बताउनुभयो ।

मोर्चाका अध्यक्ष दीलिप महर्जन र महासचिव देवेन्द्र श्रेष्ठले बुझाएको ज्ञापनपत्रमा लोप हुन लागेको नेवारहरुको सम्पदा, कला, संस्कृति र सभ्यतालाई संरक्षण गर्न संरक्षण कोष बनाउनुपर्ने माग गरिएको छ । नेवाः सम्पदामैत्री नयाँ बस्तीको विकास र योजना बनाउनुपर्ने, विश्व सम्पदामा सूचीकृत पुराना नेवाः बस्तीको पहिचानलाई जोगाइराख्नुपर्ने र नेवाः सभ्यताको अनुसन्धानका लागि प्रदेश सरकार मातहत नेवाः प्रतिष्ठान गठन गर्नुपर्नेलगायतका माग ज्ञापनपत्रमा उल्लेख छ ।

सोही अवसरमा कीर्ति रिसर्च सेन्टर काठमाडौंले बागमती प्रदेश सरकारका संस्कृति, पर्यटन तथा सहकारीमन्त्री शैलेन्द्रमान बज्राचार्यलाई कीर्तिपुर नगर पालिकाभित्र रहेको अभिलेखहरुको संकलन, अध्ययन र भाषान्तरण गरी प्रकाशनका लागि आवश्यक बजेट विनियोजन गर्न माग गर्दै पत्र बुझाएको छ ।

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## सम्पादकीय

# सम्मानले स्रष्टामा उत्साह

मकवानपुर जिल्ला साहित्यिक स्रष्टाहरुको लागि उर्वर भूमि बनिरहेको छ । मोफसलमा रहेर साहित्य सिर्जनामा रमाउन चाहनेका लागि मकवानपुर जिल्लामा थुप्रै अवसर र सम्मानको वातावरण बनिरहेको छ । जिल्लामा रहेका साहित्यिक संस्थाहरुको सक्रियताका कारण साहित्यमा रुचि भएका र लेखनकला भएका स्रष्टालाई थुप्रै अवसर प्राप्त भइरहेको छ । साहित्य संगम मकवानपुर, झरना साहित्यिक परिवार, गजल मञ्च मकवानपुर, सर्जक सञ्जाल मकवानपुर, मातृभूमि साहित्य समाज, मुक्तक समाज मकवानपुर, आँचल साहित्य कला पुञ्ज, भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठान, सिस्नुपानी नेपाल मकवानपुर, बुढ्यौली साहित्य समाज मकवानपुर, नवसर्जक सञ्जाललगायत थुप्रै साहित्यिक संस्थाहरुको सक्रियताकै कारण मकवानपुर जिल्लामा साहित्यिक गतिविधिले व्यापकता पाउनुका साथै स्रष्टाहरुलाई विभिन्न अवसर र सम्मान मिलिरहेको हो ।

मकवानपुर जिल्लामा क्रियाशील विभिन्न साहित्यिक संस्थाहरुले मासिकरुपमा नियमित साहित्यिक कार्यक्रम गरेर स्रष्टालाई आफ्ना रचना प्रस्तुत गर्ने अवसर जुटाउँदै आएका छन् । साहित्यिक संघसंस्थामार्फत् प्रदान गरिने विभिन्न सम्मान तथा पुरस्कारले स्रष्टालाई साहित्य सिर्जनामा हौसला र प्रोत्साहन भइरहेको छ । यस्ता कार्यक्रमबाट उत्साहित भएर नयाँ स्रष्टा जन्मिने क्रम निरन्तर हुनुका साथै भएका स्रष्टालाई साहित्यिक गतिविधिमा थप क्रियाशील बनाउन सहयोग गरेको छ । शनिबार पनि साहित्य संगम मकवानपुरले मकवानपुर जिल्लाबाट एक वर्षभित्र साहित्यिक र अन्य कृति प्रकाशन गर्ने १४ जना स्रष्टालाई सम्मान गरेको । संगमले मासिकरुपमा गर्दै आएको साहित्य सन्ध्याको ३ सय ४२ औं शृंखलाको अवसरमा मकवानपुर जिल्लामा रहेर २०८० सालमा कृति प्रकाशन गरी साहित्य क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै कृति प्रकाशनार्थ सम्मान २०८० बाट १४ जना स्रष्टालाई सम्मान गरिएको हो ।

कुनै पनि देशको भाषा, साहित्य, कला, संस्कृतिको उन्नयनमा स्रष्टाको भूमिका महत्वपूर्ण हुन्छ । आफ्नो सिर्जनात्मक लेखन तथा प्रस्तुतिकरणको माध्यमबाट स्रष्टाले समाजमा जागरण ल्याउँदै सामाजिक रुपान्तरणको क्रमलाई सहज बनाउन सहयोग गर्न सक्छन् । साहित्यिक लेख, रचना तथा कृतिहरु सिर्जना गरी स्रष्टाले समाजलाई उन्नत बनाउन निर्वाह गर्ने महत्वपूर्ण भूमिकाको कदर गर्न सक्नुपर्छ । स्रष्टालाई प्रदान गरिने विभिन्न सम्मान तथा पुरस्कारले उनीहरुलाई साहित्य सिर्जना गर्न थप हौसला प्रदान गर्दछ । साहित्यिक रचना प्रस्तुत गरेर वा कृति प्रकाशन गरेर जीवन निर्वाह गर्न अवस्था नहुँदासम्म स्रष्टालाई विभिन्न सम्मान तथा पुरस्कार आवश्यक हुन्छ । अधिकांश स्रष्टाहरुले विभिन्न पेसा, व्यवसाय र जागिरबाट आम्दानी गरेर जीवनयापन गर्दै फुर्सदको समयमा साहित्य सिर्जना गरिरहेको अवस्थामा उनीहरुले आफैं लगानी गरेर कृति प्रकाशन गर्नुपर्ने बाध्यता छ ।

प्रकाशित कृतिहरु खरिद गरेर पढ्ने पाठक नहुँदा र प्रकाशक वा राज्यस्तरबाट उचित रोयल्टीको व्यवस्था नहुँदासम्म कृति प्रकाशन गर्न लागेको खर्च उठाउन सकिँदैन । यस्तो अवस्थामा साहित्यिक स्रष्टाहरुले पाउने सम्मान र पुरस्कार नै उनीहरुलाई प्रोत्साहन गर्ने मौद्रिक मूल्य हुनसक्छ । पछिल्लो समय केही स्थानीय सरकारले साहित्यिक कार्यक्रममा केही सहयोग गर्न थालेको अवस्थाले स्रष्टालाई उत्प्रेरित गर्न थालेको छ । मुलुकका तीनै तहको सरकारले स्रष्टा जीविकोपार्जन र साहित्यिक गतिविधिलाई पर्याप्त ध्यान दिन नसके पनि केही प्रयास सुरु हुनु सकारात्मक मान्नुपर्छ । हरेक स्थानीय सरकारले आफ्नो पालिका वा जिल्लाभित्र साहित्यिक कार्यक्रम र स्रष्टाको उचित सम्मान र पुरस्कारका लागि नियमित बजेटको व्यवस्था गर्नु आवश्यक छ । साहित्यिक संस्थाले प्रदान गर्ने सानो पुरस्कार र सम्मानसँगै सरकारले पनि स्रष्टाको सम्मान र पुरस्कारका लागि पर्याप्त लगानी गर्ने हो भने स्रष्टालाई थप उत्साहित बनाउने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | एम्बुलेन्स १०२ |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : भावना साटासाट गर्ने समय योग रहेको छ ।
**वृष** : आत्मबल र हौसला प्राप्त हुने समय योग छ ।
**मिथुन** : ज्ञान र बुद्धिको उपयोगले उपलब्धी होला ।
**कर्कट** : आक्रामक स्वभावले आफैंलाई हानी पुग्ला ।
**सिंह** : व्यवहारिक र सामाजिक जिम्मेवारी बढ्ला ।
**कन्या** : कार्यक्षेत्रमा विशेष अवसर आइपर्ने छ ।
**तुला** : धार्मिक कृत्यमा सरिक भइने समय छ ।
**वृश्चिक** : परिबन्ध र बाध्यताका काममा खर्च होला ।
**धनु** : थप जिम्मेवारी बहन गर्नुपर्ने समय छ ।
**मकर** : व्यक्तित्व र कार्यक्षँमतामा वृद्धि हुने समय छ ।
**कुम्भ** : सहयोगी भावनाको विकास हुने समय छ ।
**मीन** : समय संघर्षकारक नै मान्नुपर्ने योग छ ।

# जनता नै ईश्वर हुन्

**देशको आर्थिक वृद्धिदरले पनि आर्थिक क्षेत्रमा आएका सुधारहरूको संकेत गरेको हुन्छ । अन्य क्षेत्रभन्दा पनि विशेष गरी हाम्रो सेवा क्षेत्र (सर्भिस सेक्टर) मा भएको वृद्धिले अर्थतन्त्रमा आशाका किरण देखिएका हुन् । संघीय सरकारले उद्योग एवमं कृषिक्षेत्रमा जोड दिएको खण्डमा आगामी दिनमा देशले उन्नतितर्फ रफ्तार लिने आशा गर्न सकिन्छ ।**



प्रा.डा. हरि शर्मा



मुलुक द्रुततर रूपले विकासको मार्गमा अग्रसर भएको, अर्थतन्त्र सबल हुँदै गएको, कुल गार्हस्थ्य उत्पादन क्रमिक रूपले वृद्धि हुँदै गएको, शासन-प्रणालीमा सुशासनका संकेतहरू यत्र-तत्र-सर्वत्र देखिन थालेको अवस्थामा देख्न चाहन्छन् देशका नागरिकहरूले । तर, केही असत् मार्गबाट सरकार र सत्तामा पुगेका नौटंकीका पात्रजस्ता नीति निर्माता र जिम्मेवारी वहन गरेका छद्मवेशी दैत्यहरूका कारण राजनीतिमा फैलिएको प्रदूषणले हाम्रो अर्थतन्त्र, सामाजिक न्याय र व्यवस्था तथा आशा-आकांक्षा र चाहनाहरूको आकाशलाई निरन्तर धुमिल पार्दै आइरहेको र व्यापक रूपमा नैराश्यता फैलाइरहेको यथार्थलाई कसरी अस्वीकार गर्ने ?

वाक्पटुता, दमदार भाषणको बिजुली चम्काउँदै, व्यवस्थाको मर्मलाई बिर्सेर, आमनागरिकका चाहनालाई लत्याएर, देशको ऐनकानुन र संविधानको कुनै मतलब नराखी मनपरी तरिकाले हैकम चलाएर 'देशको लिक' सप्रिँदैन, इतिहास साक्षी छ । असंगति, विसंगति, विकृति र वाग्विलासले देशलाई कुनै पनि अपेक्षित मार्गमा लैजान नसकिने विषय शाश्वत छ । नेपाल सरकारले यही २०८१ वैशाख १६ र १७ गते काठमाडौंमा नेपाल लगानी सम्मेलनको आयोजना गर्दै छ । यो सम्मेलनको तेस्रो संस्करण हो र यस सम्मेलनबाट नेपालमा विदेशी व्यवसायीहरूको लगानी आकर्षित हुने विश्वास गरिएको छ ।

नेपालमा वैदेशिक लगानी भित्र्याउन सरकारले अनुकूल नीतिहरू बनाउन संसद् बन्द रहेका कारण अध्यादेशमार्फत त्यो कार्य गरिने संकेत गरेको छ । सरोकारवालाहरूले पनि कानुन संशोधनबिना लगानी सम्मेलनको आयोजना गरिनु अर्थहीन बताएका छन् । लगानी सम्मेलनको 'सोकेश'मा नेपालले १ सय ५० वटा आयोजनाको प्रदर्शनी गर्ने निश्चित भइसकेको अवस्था छ । मुख्य आयोजक लगानी बोर्डले १ सय २७ वटा देशबाट प्रतिनिधिहरूलाई आमन्त्रण गरेकोमा हालसम्म ३१ देशको सहभागिता हुने देखिए तापनि अर्को सातासम्म यो संख्या बढ्ने आशा गरिएको जानकारी छ ।

हाम्रो दुर्बल अर्थतन्त्रभित्रको नयाँ विडम्बना के देखिएको छ भने हाल एफडिआई (वैदेशिक लगानी प्रतिबद्धता) मा ठूलो उतार आएको बताइन्छ । ६ अर्ब रुपैयाँको प्रतिबद्धता भएकोमा हालसम्म सो रकम झन्डै ९७ करोडमा आएर रोकिएको बुझिन्छ । अर्कातर्फ बैंकहरूको नाफामा संकुचन आएका कारण निक्षेपकर्ताहरूलाई समेत मार परेको पुष्ट समाचारले बैंकहरूको कारोबारमा गहिरै चोट नपुग्ला भन्न सकिँदैन । अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पार्ने कृषिक्षेत्रमा पनि उत्साहजनक केही भएको देखिँदैन । यद्यपि, पर्यटनले यस वर्ष एउटा नयाँ कोसेढुंगा भने रच्ने निश्चित छ ।

अहिले देशभरि नै हाम्रा पर्यटकीय स्थलहरूमा भइरहेको सकारात्मक चहलपहलले पर्यटन अर्थतन्त्र (टुरिज्म इकोनोमी) मा गतिशीलताको वृद्धि भएको अनुमान लगाउन सकिन्छ । यो हुनुको मुख्य कारकतत्त्व पूर्वाधारहरूको उपलब्धता नै हो । पूर्वाधार निर्माण र मर्मत-सम्भारको वर्तमान अवस्थालाई अझै तीव्र बनाउँदै लैजानुमा नै हाम्रो अर्थतन्त्रको कल्याण देखिन्छ । यसले स्थानीय स्तरमा रोजगारीका अवसरहरू सिर्जना गर्नुका साथै त्यहाँ उत्पादन हुने रैथाने उपभोग्य वस्तुहरूको बजार पनि विस्तारित भइरहेको अनुभव गर्न सकिन्छ ।

देशाटन र तीर्थाटनका नाममा मानिसहरूको यात्रा अविरल नै छ । तर, अनेक ठाउँमा बाटाघाटा, विमानस्थल, बस्ने, खाने र विश्राम स्थल एवं सवारी साधनहरूको सुविधा जनताले पाइ नसकेकाले जनस्तरबाट अझै पनि कैयौं गुनासा आइरहेको यथार्थलाई नकार्न सकिँदैन । वर्तमान अवस्थामा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन रणनीतिक साझेदार निम्त्याउँदै नेपाल वायुसेवाको स्तरोन्नति गरिनुपर्ने र भैरहवाको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई सुचारु रूपले सञ्चालन गर्न पहल गर्ने काम अत्यन्तै ढिलो भइसकेको सबैको भनाइ छ । यसले गर्दा क्षेत्रहरूको समानुपातिक विकासको 'इन्डेक्स' खलबलिएको देखिन्छ ।

अहङ्कारी नीति-निर्माताहरूबीचको असमझदारी र वैमनस्यताले आम जनजीवनमा दिगो रूपले नकारात्मकता फैलाउँदै जान्छ । सृजना, नवप्रवर्तन र उत्पादन एवं उत्पादकत्वमा शिथिलताको वृद्धि गर्छ । यसै सन्दर्भमा हालै सार्वजनिक भएको पूर्वप्रम बाबुराम भट्टराईको भनाइ यहाँ राख्ने अनुमति चाहन्छु- 'स्थिर राजनीति र कुशल नेतृत्वबाट मात्रै अर्थतन्त्र सुधार सम्भव छ ।' सुशासन पनि त्यस्तै हो- राजनीति अस्थिर भइरहने र नेतृत्वमा कार्य-कुशलताको अभाव रह्यो भने सुशासनका बीजहरू उम्रन पनि पाउँदैनन् । मुलुकभरि भ्रष्टाचारको दायरा बढ्दै गएको देख्दा विस्मित बन्नुपर्ने अवस्था छ ।

साग बेच्नेदेखि लिएर सरकारी अड्डा-अदालतका त कुरै छोडौं, मठमन्दिर र शिक्षालयहरूसम्म झुक्याउने र ठग्ने पेसामा सेवाप्रदायीहरू पोख्त भइसकेको पाइन्छ । अनुगमनका कुरा गरिन्छ- कहाँ छ अनुगमन ? कसले गर्ने हो र कहिले हुने हो ? सडकहरू चिल्ला र सुन्दर त बने तर सडकछेउ बस्नेको मति कहिले सुन्दर र चिल्लो बन्ने हो ? गुट्खा, सुर्तीका खाली प्याकेट, प्लास्टिकको झोला र घर भित्रको फोहोरसमेत सडकमा ल्याएर थुपार्नेलाई के नसिहत ? सार्वजनिक ठाउँहरूको सौन्दर्यीकरणका क्रममा रोपिएका बोटबिरुवा र फूलहरूको संरक्षणका लागि वरिपरिका बासिन्दाहरूको खोइ अभिमुखीकरण ? बरु, सहरी क्षेत्रबाहिरका बासिन्दाहरूमा स्वतःस्फूर्त रूपले वातावरणीय र पर्यावरणीय चेतनाको विकास भएको देखिन्छ ।

स्थानीय निकायहरूले आ-आफ्नो क्षेत्रलाई बढी आकर्षक र रमणीय बनाउनेतर्फको आफ्नो स्तुत्य प्रयासलाई विश्राम नदिई अघि बढाउन जरुरी छ । दुई वर्षअघि भएको फुटबलको विश्व प्रतियोगितामा जापानले क्रोसिया, स्पेन र कोस्टारिकासँग प्रतिस्पर्धा गरेको थियो । खेल समाप्त भएपछि खचाखच भरिएका स्टेडियमको दर्शकदीर्घामा जापानी खेलाडी स्वयं प्रवेश गरेर त्यहाँको फोहोरमैला आफ्नै हातले उठाएर संकलन गरी त्यसको व्यस्थामा सघाएका थिए । यो दृश्य एउटा भावोत्तेजक दृश्य थियो । सम्भवतः त्यस्ता दृश्यहरूको क्लिप हाम्रा टिभीहरूले जनहितका लागि पुनः प्रसारण गरिदिए हुन्थ्यो कि ? हाम्रा नानीबाबु पढ्ने विद्यालयहरूमा पनि त्यो देखाएर हाम्रो नागरिक शिक्षाको एउटा महत्त्वपूर्ण पाटो पूरा गर्ने थियौं जस्तो लाग्छ ।

यसतर्फ काठमाडौं महानगरले चालेका अनेकौं कदमको प्रशंसा गर्नैपर्छ । हालै उहाँहरूले हाम्रा मेयरको भाषामा श्वेत-स्तम्भ (धरहरा) का वरिपरि बाटाका छेउमा रहेका भित्ताहरूमा सांस्कृतिक सहर काठमाडौंका सम्पदाहरूको मनमोहक पेन्टिङ गराई सहरको महत्त्वलाई झनै उजागर गर्नुभएको छ । अझ धेरै यस्तै झाँकी झलक पाइने आशा जनमानसमा रहेको छ । वर्तमान परिप्रेक्ष्यमा कुरा गर्ने हो भने देशमा अहिले नागरिक चेतना व्यापक रूपले फैलिएको छ । प्रत्येक गाउँठाउँका मानिसहरूले देशप्रतिको आफ्नो कर्तव्यबोध गरेका छन् । मात्र दुईवटा विषयले उनीहरूको मन पिरोलिएको पाइन्छ, त्यो हो- स्तरहीन राजनीतिक गतिविधि र भेट्नै नसकिएको सुशासनको प्रारम्भ बिन्दु तथा राष्ट्रसेवकहरूमा विद्यमान (अपवाद छ) अकर्मण्यता र नैतिक पतन तथा जिम्मेवारीप्रति अन्यमनस्कता ।

यद्यपि एसियाली बिकास बैंक (एडिबी) र विश्व बैंक (डब्लुबी) ले नेपालको आर्थिक वृद्धिदरबारे आसलाग्दो प्रक्षेपण गरेका छन् । एडीबीका अनुसार ३.६ प्रतिशतको वृद्धि र डब्लुबीका अनुसार ३.३ प्रतिशतको आर्थिक वृद्धिदर । तर, नेपाल सरकारले भने हाम्रो आर्थिक वृद्धिदर ६ प्रतिशतभन्दा बढी रहने बताउँदै आइरहेको छ । देशको आर्थिक वृद्धिदरले पनि आर्थिक क्षेत्रमा आएका सुधारहरूको संकेत गरेको हुन्छ । अन्य क्षेत्रभन्दा पनि विशेष गरी हाम्रो सेवा क्षेत्र (सर्भिस सेक्टर) मा भएको वृद्धिले अर्थतन्त्रमा आशाका किरण देखिएका हुन् । संघीय सरकारले उद्योग एवमं कृषिक्षेत्रमा जोड दिएको खण्डमा आगामी दिनमा देशले उन्नतितर्फ रफ्तार लिने आशा गर्न सकिन्छ ।

अहिले पनि औसतमा हेर्दा देशको अवस्था त्यति विदारित वा विदिर्ण छैन, जति हामी आमजनताले सोचिरहेका छौं । सरकार र सरकारको संयन्त्रले पारस्परिक सामञ्जस्यता मिलाउन नसकेको मात्र हो । त्यहाँ क्षति पुऱ्याउने मुसाहरूको गणना पनि अत्यधिक भएर नै विकास र उन्नतिको हाम्रो लक्ष्य टाढिएको हो । कतिपय ठाउँमा गरिबीका कारण, स्वस्थकर रहनसहन तथा खाद्यवस्तुका कारण र सर्वोपरि रूपमा सरकारले पुऱ्याउनुपर्ने आधारभूत सेवाको अभावका कारण नेपाली जनताले विषम जीवन गुजार्नुपर्ने अवस्था देखिएको हो । पिउने स्वस्थ पानी, बास, कपास एवं निःशुल्क स्वास्थ्यका सेवाहरू र शिक्षाको व्यवस्था सरकारको जिम्मेवारी हो, न कि दुई-चार दिन लाभको पदमा बस्नेहरूको सेवा पुऱ्याउने ।

जनताले तिरेको करमा खेलबाड गर्ने जत्थालाई कठालो समातेर दायाँबायाँ नहेरी कालकोठरीमा थुन्नुपर्छ, न कि राज्यको ढुकुटी मासेर बंगलामा राखेर पाल्ने हो । यी जनताका कुरा हुन्, यी कुराको बेवास्ता गर्नु भनेको देशलाई आघात पुऱ्याएको ठहरिन्छ । सम्भाव्यता बोकेका हाम्रा शिक्षार्थीलाई सुमार्गतर्फ लैजान गरौं न खर्च राज्यको ढुकुटीबाट । उद्योग र कलकारखानाको उत्पादकत्व वृद्धि गर्न गरौं न खर्च, किसान, मजदुर र अन्य श्रमिकवर्गको हितका लागि दिउँ न कार्यक्रम । आफ्नै नागरिकलाई शरणार्थी बनाएर अकुत कमाउने अभिलाषा बोकेर राज्यमा सुख, शान्ति र सुशासन खोज्नुजस्तो मुर्खता अरू के नै होला र ? विद्रोह उम्लिरहेको छ जनताको मनभित्र ।

दुई ढुंगाका बीचको तरुलजस्तो देशमा दोहोऱ्याइ-तेहेऱ्याई विद्रोहको ज्वाला दन्काउन ऊ चाहन्न । ऊ चाहन्छ, जनताप्रतिका जिम्मेवार प्रतिबद्ध कर्मठ नेतृत्व, अझ कति जना नेपालका छोराहरूको कुशे दाहसंस्कार गरेर बस्ने ? यति सुन्दर, सानो, विश्वकै प्रिय देशमा पनि एकजुट हुन नसक्ने नेतृत्वले हामीलाई कुन 'ब्ल्याक होल'मा जाक्ने हो, भन्न नसकिने स्थिति छ । दुई महिनामा तीनवटा विधेयक पारित गरेर संसद्को हिउँदे अधिवेशन अन्त्य गरिएको छ । प्रतिपक्षीहरू कराइराखेका छन्, सरकारले गर्नुपर्ने अन्य कामहरु अध्यादेश ल्याएर गरिने भएको छ ।

प्रतिपक्ष, सत्तापक्ष र दलहरूको गठबन्धने खेलमा राज्यले आफ्नो प्राथमिकतालाई बदल्नु हुँदैन । नागढुंगा सुरुङ 'ब्रेक-थ्रु' को समाचारले सबैलाई हर्षित बनाएको छ; त्यस्तै राजधानीको ग्वार्कोमा बन्दै गरेको आकाशे पुलको कामले द्रुतता पाओस् र अहिलेकै सरकारका पालामा प्रचलित तुइनहरूलाई विस्थापित गर्न सकियोस्, देशभरका प्रत्येक पालिकामा स्वास्थ्य, शिक्षा, पेय पानी र कृषिउपर विशेष ग्राह्यताका साथ सरकारी संयन्त्रले काम गरोस् । कृषि र पर्यटनबाटै नेपाललाई समृद्ध बनाउने काममा नीति निर्माताहरू जुट्न सकून् । काम नगर्ने र सुस्त अर्थतन्त्रलाई दोष दिने प्रवृत्तिको विलय होस् ।

डा. महावीर पुनलाई सरकारले कृषि औजार केन्द्रको जिम्मा लाएपछि उनले अर्थमन्त्रालयको ढोका ढकढकाइराख्नुभन्दा स्वयं पुस्तक लेखेर हालसम्म झन्डै १ लाख प्रति बेचिसके, अब पूर्वतिरको यात्रा गरेर अर्को एक-डेढ लाख प्रति बेच्ने र सम्पूर्ण आयस्ता केन्द्रको उत्थानमा खर्च गरिने उनको प्रणले सार्थकता पाउनुका साथै विकास र उन्नतिका लागि कर्मचारीतन्त्रले सत्प्रेरणा पाओस् । स्मरण रहोस्, भारतमा एक जना पण्डित मदनमोहन मालवीयले डाल्डाका बट्टामा रेल-यात्रुहरूबाट दान संकलन गरेर 'बनारस हिन्दू विश्वविद्यालय'को भौतिक संरचनाको निर्माण गरेका थिए । अन्तस्करणको चाहना, ईश्वरले नै पूरा गर्ने हो । कुनै पनि गणतान्त्रिक मुलुकका ईश्वर जनता नै हुन् ।

*(स्रोतः कारोबारदैनिक)*

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक


# नारायणी कलेजद्वारा कक्षा १२ का विद्यार्थीको बिदाई



समाज संवाददाता

हेटौंडाः हेटौंडा-१० स्थित नारायणी कलेजले कक्षा-१२ का विद्यार्थीहरुका लागि बिदाई तथा फेरि भेटौंला कार्यक्रम आयोजना गरेको छ । आइतबार हेटौंडा-४ स्थित रोयल पार्टी प्यालेसमा कक्षा ११ अध्यनरत विद्यार्थीहरुले १२ कक्षाको अध्ययन पूरा गरेका विद्यार्थीहरुका लागि बिदाईसहित फेरि भेटौंला कार्यक्रमको आयोजना गरेको हो ।

नारायणी कलेजका प्रिन्सिपल र घुनाथ खरालको सभाध्यक्षमा बिदाई कार्यक्रम भएको हो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रिन्सिपल खरालले कक्षा १२ को वार्षिक परीक्षमा सहभागी हुने सम्पूर्ण विद्यार्थीलाई शुभकामना व्यक्त गर्नुभएको छ । कलेजमा अध्यनरत विद्यार्थीहरुको बिदाई भन्दा पनि शुभकामनाका सन्देश प्रदान गर्नका लागि कार्यक्रम आयोजना गरेको उहाँले बताउनुभएको हो ।

कमजोर नतिजाका कारण स्नातक तहको अध्ययनमा नकारात्मक प्रभाव पर्ने भएकाले परीक्षा राम्ररी दिन उहाँले आग्रह गर्नुभयो । बिदाई कार्यक्रममा कक्षा-१२ का विद्यार्थीहरुलाई प्रिन्सिपल खरालले खादा र टीका लगाएर बिदाई गर्नुभएको थियो ।

कार्यक्रममा कक्षा-११ मा अध्यनरत विद्यार्थी सुविन लामालाई सम्मान गरिएको छ । केन्द्रीयस्तरको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी भएका लामाले रिले दौडतर्फ स्वर्ण पदक प्राप्त गर्न सफल भएकोले सम्मान गरिएको हो ।

विद्यालयको खेलकुद सप्ताहमा सञ्चालन भएको भलिबल, फुटबल ब्याडमिन्टन, एथ्लेटिक्स, हाजिरीजवाफ प्रतियोगितामा प्रथम र द्वितीय हुने खेलाडीहरुलाई शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिएको छ। फुटबलतर्फको खेलमा उत्कृष्ट खेलाडी घेषित हुने राशा महर्जनलाई ट्रफी प्रदान गरिएको छ । एथ्लेटिक्समा प्रथम हुने रोहित पण्डित र द्वितीय हुन सफल भएका विक्रम ठाकुरलाई मेडल तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

बिदाई कार्यक्रममा ११ कक्षाका विद्यार्थीहरुले नृत्यसँगै सांगीतिक प्रस्तुति पनि गरेका थिए । कार्यक्रममा ११ र १२ कक्षाका करिब ३ सय ५० विद्यार्थीहरुको सहभागिता रहेको थियो ।

# निवृत्त शिक्षक समाज हेटौंडामा बास्तोला र गढीमा दुलाल

समाज संवाददाता

हेटौंडाः नेपाल निवृत्त शिक्षक समाज हेटौंडा उपमहानगर कमिटी र मकवानपुरगढी गाउँपालिका कमिटीको दोश्रो अधिवेशन सम्पन्न भएको छ । शनिबार सम्पन्न अधिवेशनबाट हेटौंडा उपमहानगर कमिटीमा पिताम्बर बास्तोला र मकवानपुरगढी कमिटीमा शत्रुघन दुलाल अध्यक्षमा चयन हुनुभएको छ ।


हेटौंडा उपमहानगरभित्रका निवृत्त शिक्षकहरुको उपस्थितिमा भएको अधिवेशनबाट बास्तोलाको अध्यक्षतामा ९ सदस्यीय कमिटी चयन भएको हो । कमिटीको उपाध्यक्षमा नारायण ठाकुर, सचिवमा नारायण पोखरेल र कोषाध्यक्षमा दुर्गाप्रसाद कोइराला चयन हुनुभएको छ । अधिवेशनको अवसरमा निवृत्त जेष्ठ शिक्षक रामप्रसाद ढुंगानालाई सम्मान गरिएको छ । कमिटीका संयोजक तथा जिल्ला सदस्य शिवप्रसाद लामिछानेको सभाध्यक्षता तथा केन्द्रीय कमिटीका सचिव अभिमन्यू गौतमको प्रमुख आतिथ्यमा अधिवेशन भएको हो ।

यस्तै, मकवानपुरगढी गाउँपालिकास्तरीय अधिवेशनले दुलालको अध्यक्षतामा ७ सदस्यीय कमिटी सर्वसम्मत चयन गरेको छ । कमिटीको उपाध्यक्षमा विष्णु सापकोटा र सचिवमा बलराम फुयाँल चयन हुनुभएको छ । पालिका कमिटीका संयोजक तथा जिल्ला सदस्य सीताराम दाहालको सभाध्यक्ष तथा केन्द्रीय कमिटीका सचिव अभिमन्यू गौतमको प्रमुख आतिथ्यमा अधिवेशन भएको हो ।

अधिवेशनमा शिक्षकहरुले आफूहरु निवृत्त भए पनि विद्यालयमा प्राप्त गरेका सीप, अनभुव र शैक्षिक ऊर्जालाई शिक्षा क्षेत्रमा शैक्षिक गुणस्तर विकास गर्न योगदान दिने बताएका छन् । राज्यले निवृत्त शिक्षकहरुलाई उपेक्षित नगरी शिक्षाका नीति निर्माणदेखि योग्यता र क्षमताका आधारमा विषय विज्ञ, पाठ्यक्रम निर्माणजस्ता क्षेत्रमा सहभागी गराउन सरकारसँग मागसमेत गरिएको छ ।

## बुधबारे बालसाहित्य विशेषबारे

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।



सम्पादक ।


## श्री जनप्रिय माध्यामिक विद्यालय

(प्राविधिक शिक्षालय)

हेटौंडा १६, हटिया चिसापानी

### शिक्षक आवश्यकता

*(दोस्रो पटक सूचना प्रकाशित मिति : २०८१/०१/१० गते)*

यस श्री जनप्रिय मा वि (प्राविधिक शिक्षालय), हेटौंडा १६ चिसापानी मकवानपुर हेटौडामा अंग्रेजी माध्ययममा कक्षा अध्यापनको लागि विद्यालय व्यवस्थापन समितिको मिति २०८०।१२।२० गतेको निर्णय अनुसार विज्ञान विषयको मा.वि. तृतिय शिक्षक १ (एक जना) पूर्णकालीन शिक्षक पदपूर्ति गर्न पहिलो पटक मिति २०८० चैत २२ गते प्रथम पटक सूचना प्रकाशित गरी संचालन गरिएको परीक्षामा कुनै पनि उम्मेद्वार सफल हुन नसकेपछि यो सूचना दोस्रो पटक प्रकाशन गरिएको छ । तपसिल बमोजिम दक्ष एवं योग्य नेपाली नागरिकहरुबाट दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना आह्वान गरिएको छ ।
साथै तलब सुविधा विद्यालय व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ ।

| तपसिल: | |
|---|---|
| विज्ञापन नं. | ७/८०-८१ |
| पद | शिक्षक (मा.वि. तृतीय श्रेणी) |
| सेवा | अस्थाथी (करार) |
| संख्या | १ (एक) |
| शैक्षिक योग्यता | विज्ञान विषयमा (B.Sc)स्नातक वा सो सरह उतीर्ण हुनुपर्नेछ । |
| उमेर | २१ वर्ष पूरा भै ४० वर्ष ननाघेको । |
| दरखास्त दिने अन्तिम मिति | २०८१/०१/१७ गते, फाराम भर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलीपल्ट सम्म दरखास्त बुझाउन सकिनेछ । |
| सम्पर्क मिति | २०८१/०१/१८ गते साथै परीक्षा मिति सोही दिन जानकारी गराईनेछ । |

**संलग्न गर्नुपर्ने प्रमाणित कागजातहरू:**


एसएलसी/एसइइदेखि माथिका सबै तह उत्तीर्ण लब्धाकंपत्र एवं चारित्रिक प्रमाणपत्रको वा सो सरहको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु १/१ प्रति, नेपाली नागरिकताको प्रतिलिपी १ प्रति ।
साथै दरखास्त फारमसँगै परीक्षा दस्तुर रु. १५००।- लेखा शाखामा नगद बुझाएको नगदी रसीद वा बैंक दाखिला गरेको भौचर संलग्न राखि बुझाउनुपर्नेछ ।

**सम्पर्कः ०५७-५३०१२२, ९८४५२३४७५५**
**शिक्षक छनौट समिति-२०८०**
**श्री जनप्रिय माध्यामिक विद्यालय (प्राविधिक शिक्षालय)**
**हेटौंडा १६, हटिया चिसापानी**


# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

## मेरी आमा



निकिता लामा

मेरी आमा राम्री
सबैभन्दा प्यारी ।
माया गर्छिन् धेरै
कुट्पिट गर्छिन् थोरै ।

उहाँ ज्ञानकी देवी
सबैलाई गर्छिन् माया ।
मिठो मिठो खाना दिन्छिन्
सधैँ माया गर्छिन् ।

मेरी आमा राम्री
सबैभन्दा प्यारी ।।

## चङ्गा



रुहान भगत

आकाशमा उडेको,
लामो धागो बाँधेको
लँटाई समाई उडाएको
धेरै रमाईलो भएको ।।

चरा झैं उडेको
बादललाई चुमेको
कति राम्रो पन्छी
चङ्गा झैं उडेको ।।

*कक्षा-३*

## आमा



सुलज्ञा शाह

आमा मायाकी खानी हुन्
हामी सबैको ज्ञानी हुन्
तोते बोली बोल्न पनि सिकाउने आमा
हट घोडा हट भनी हिँड्न सिकाउने आमा
च्याँ-च्याँ रुँदा पनि फकाउने आमा
भोको पेटमा बुबु-माम खुवाउने आमा
यसो गर्दै बच्चा हामी ठूला भए भए
आमा तिमी सधैं बाँच्नु तिम्रो जय जय ।

*कक्षा-३*

## पशुले पनि असल व्यवहारको अपेक्षा गर्छ



संस्कार ढकाल

मैले पढेको एउटा रमाइलो कथाको पुस्तकको पूर्वको शीर्षक “साथीः काठमाडौं सहरको एक कुकुर” हो । यसको लेखक एक अमेरिकी लेखक जुलिया प्यालिस हुन् ।

पुस्तकको गातामा साथी भन्ने कुकुर एकजना महिलाको काखमा उफ्रेर पुगेको, छेउछाउमा अरु कुकुरहरु र मानिसहरु रहेको चित्र छ । त्यसैगरी गाताको चित्रमा केही फलफूलको ठेलागाडा छन् र त्यसको नजिकै एकजना महिलाले एउटा कुकुरलाई माया गरिरहेको देखिन्छ ।

पुस्तकले नेपालको काठमाडौं सहरमा सडकमा बस्ने वा भुस्याहा भनिने कुकुरहरुको जीवन र मनोविज्ञानलाई प्रस्तुत गरेको छ । साथी नामको एक कुकुरलाई आधार बनाएर लेखिएको वास्तविकता पनि भन्न सकिन्छ । पुस्तकले हामीलाई हामी र पशुबीचको सम्बन्ध र हामीले गर्नुपर्ने व्यवहारको बारेमा भन्न खोजेको छ । हाम्रो क्रियाकलाप र व्यवहारले पशुहरुको जीवनमा पर्ने असरको बारेमा पनि भन्न खोजेको छ ।

यो पुस्तक एउटा वस्तविक घटनामा आधारित छ । साथी नाम गरेको कुकुरको जीवन भोगाई र मनोविज्ञानलाई मुख्य राखेर समग्र घरपालुवा पशु जुन भुस्याहा हुन पुग्छन्, उनीहरुको बारेमा लेखिएको छ । मानिस जस्तै पशुहरुलाई पनि दया, माया, गाँस, बास चाहिन्छ । मानिसको सानो दुर्व्यवहारले उनीहरूलाई ठुलो असर पुग्छ । हामीले सम्झेर, बुझेर पशुहरुलाई पनि सक्दो राम्रो व्यवहार गर्नुपर्छ भन्ने विषयमा यो पुस्तक लेखिएको छ ।

साथीः काठमाडौं सहरको एक कुकुर’ भन्ने पुस्तक मलाई धेरै नै मनछुने राम्रो पुस्तक लाग्यो । यस पुस्तकले रमाइलो कथाका साथै हामीमा चेतना फैलाउने काम पनि गरेको छ । यो पुस्तक पशुप्रेमीका लागि ज्यादै राम्रो भन्न सकिन्छ । कथा एउटा कुकुरमा आधारित छ । मलाई कुकुर मनपर्ने हुनाले यो पुस्तक पनि एकदमै रमाइलो लग्यो । यो पुस्तकले हामीलाई हाम्रो व्यवहारले जनावरलाई पर्ने असरको बारेमा भनेको छ । उनीहरुले पनि मनिसजस्तै दया, माया खोज्दछन् ।

त्यसैले हामीले जनावरलाई पनि सक्दो दया, माया गर्नुपर्छ भनिएको छ । हाम्रो दुर्व्यवहारले उनीहरुको जीवन र मनोविज्ञानलाई पनि ठूलै असर पर्छ भन्ने विषय प्रस्तुत गरिएको छ । लेखकले मानिस र पशु बीचको सम्बन्धलाई पनि पुस्तकमा समेटेकी छन् । त्यसैले यो पुस्तक मलाई राम्रो लाग्यो ।


*कक्षा-४*

## चित्रकला





विनिक श्रेष्ठ
कक्षा:- ५



बिमान वराल
कक्षा:- ५

### मकवानपुरमा एकै दिन ४ स्थानमा दुर्घटना

# एक जनाको मृत्यु ३ जना घाइते

समाज संवाददाता

हेटौँडाः मकवानपुरमा एकै दिन ४ स्थानमा सवारी दुर्घटना भएको छ । शनिबार जिल्लाको भिमफेदी गाउँपालिका, हेटौँडा उपमहानगरपालिका र मनहरी गाउँपालिकामा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । सवारी दुर्घटनामा परि एक जनाको मृत्यु भएको छ, भने ३ जना घाइते भएका छन् ।

हेटौँडा उपमहानगरपालिका-१०, बसपार्कमा टिपरको ठक्करबाट स्कुटर चालकको मृत्यु भएको छ । हेटौँडा-१०, बाइपास रोडको पिपलबोटमा कर्रातर्फबाट बसपार्कतर्फ आउँदै गरेको बागमती प्रदेश ३-००५ प ३५११ नम्बरको स्कुटरलाई बसपार्कबाट कर्रातर्फ जाँदै गरेको प्रदेश २-०३-००१ ख ६८५४ नम्बरको टिपरले ठक्कर दिएको हो ।

टिफरको ठक्करबाट स्कुटर चालक हेटौँडा-११, थानाभऱ्याङका ५५ वर्षीय भिम बहादुर बिडारी घाइते भएका थिए । घाइते बिडारीको दाँया हातमा चोट लागेको थियो । विडारीलाई उपचारका लागि हेटौँडा अस्पताल लगिएकोमा थप उपचारका लागि दिउँसो ४ बजेर ४० मिनेटको समयमा चुरेहिल अस्पताल लगिएको थियो । बिडारीको अवस्था जटिल बन्दै गएपछि थप उपचारका लागि साँझ ७ बजेर ५० मिनेटको समयमा भरतपुरस्थित चितवन मेडिकल कलेज रिफर भएकोमा उपचारको क्रममा आइतबार बिहान १२ बजेर ३२ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । बिडारीको शव पोष्टमार्टमाका लागि सरकारी अस्पताल चितवनमा रहेको छ । टिपर चालक प्रहरीको नियन्त्रणमा रहेको छ ।

यस्तै, कान्तिलोकपथ सडकखण्ड अन्तर्गत हेटौँडा-७, न्युरेनीमा बसले मोटर साईकललाई ठक्कर दिएको छ । शनिबार दिउँसो १२ बजेर ४० मिनेटको समयमा हात्तीसुँडेबाट हेटौँडातर्फ आउँदै गरेको ना ७ ख ४५७१ नम्बरको यात्रुबाहक बसले हेटौँडाबाट हटियातर्फ जाँदै गरेको प्रदेश ३-०२-००७ प ८३२३ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो । बसको ठक्करबाट मोटरसाइकल चालक बकैया-४, माझगाउँ बस्ने ३० वर्षीय सुरेश ब्लोन र मोटरसाइकलमा पछाढि सवार ३० वर्षीय दिनेश ब्लोन घाइते भएको प्रहरीले जनाएको छ ।

यस्तै भिमफेदी गाउँपालिका-३ भूमिचुलीमा टिपर दुर्घटनामा परेको छ । ऋद्धि-सिद्धी सिमेन्ट उद्योगको खानीबाट चुनढुङ्गा लोड गरी आउँदै गरेको ना १ क ५८७ नम्बरको टिपर आफै अनियन्त्रित भई सडकबाट ४० मिटर तल खसेर दुर्घटना भएको हो । दुर्घटनामा मानवीय क्षति नभएको र टिपर पूर्णरुपमा क्षति भएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, पूर्व-पश्चिम राजमार्ग अन्तर्गत मनहरी गाउँपालिका-८, भिआइपी चोकमा ट्रकले पैदलयात्रीलाई ठक्कर दिएको छ । हेटौँडाबाट चितवनतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ क ०१८६ नम्बको ट्रकले सर्लाही जिल्लाको ईश्वर पुर नगरपालिका-३, भक्तिपुर घर भई हाल मनहरी बस्दै आएका १३ वर्षीय विकास बसेललाई बाटो काट्ने क्रममा ठक्कर दिएको हो । ट्रकको ठक्करबाट बसेल गम्भीर घईते भएका थिए । घाईते बसेलको मनहरी अस्पतालमा सामान्य उपचार पश्चात थप उपचारको पुरानो मेडिकल कलेज भरतपुर चितवन रिफर भएको प्रहरीले जनाएको छ । ट्रक र चालक चितवन जिल्लाको भरतपुर महानगर पालिका-६ बस्ने ४२ वर्षीय जंग बहादुर केसी प्रहरीको नियन्त्रणमा रहेका छन् ।

# प्रधानाध्यापक दाहालद्वारा जन्मदिनमा अक्षयकोषमा सहयोग


अक्षयकोषमा सहयोग रकमको चेक हस्तान्तरण गर्नुहुँदै प्रधानाध्यापक दाहाल (दायाँ) ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालयका प्रधानाध्यापक श्रीराम दाहालले जन्मदिनको अवसरमा आइतबार विद्यालयको अक्षयकोषमा १० हजार रुपैयाँ हस्तान्तरण गर्नुभएको छ । प्रधानाध्यापक दाहालले सहायक प्रधानाध्यापक गोपीरमण प्याकुरेललाई सहयोग रकमको चेक हस्तान्तरण गर्नुभएको छ ।

नगदसँगै प्रधानाध्यापक दाहालले विद्यालयलाई बिरुवासहितको गमला समेत हस्तान्तरण गर्नुभएको छ । विद्यालयले स्थापना गरेको अक्षयकोषमा यसअघि अन्य शिक्षकहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, पूर्वविद्यार्थीले पनि सहयोग गर्दै आएका छन् । विद्यालयको अक्षयकोषमा एक लाख २५ हजार रुपैयाँ संकलन भइसकेको छ । विद्यालयले स्थापना गरेको अक्षयकोषमा वडाले पनि सहयोग गर्ने प्रतिवद्धता जनाएको छ ।

# पारिश्रमिक नबढाए शिक्षकहरूले एसईईको उत्तरपुस्तिका नजाच्ने



काठमाडौंः शिक्षक संगठनहरूले पारिश्रमिक नबढाएसम्म एसईईको उत्तरपुस्तिका नजाच्रुने बताएका छन् ।

उनीहरुले २०७२ सालदेखि उत्तरपुस्तिका परीक्षणमा हालसम्म एउटै पारिश्रमिक पाउनु अन्यायपूर्ण भएको भन्दै पारिश्रमिक नबढएसम्रुम उत्तरपुस्तिका नजाच्रुने विज्ञप्तमार्पत जनाएका छन् ।

नेपाल राष्ट्रिय शिक्षक संगठनका उपाध्यक्ष प्रकाश घिमिरे, नेपाल शिक्षक संघका अध्यक्ष सुरेश प्रसाद घिमिरे, एकीकृत अखिल नेपाल शिक्षक संगठनका सचिव शैलश बहादुर प्रधान र प्रगतिशिल शिक्षक संगठनका अध्यक्ष गोविन्द चिलवालले उत्तरपुस्तिका परीक्षण गर्न नसक्ने भन्दै आइतबार विज्ञप्ति जारी गरेका छन् ।

परीक्षा नियन्त्रक (कक्षा १०) लाई सम्बोधन गरिएको विज्ञप्तिमा भनिएको छ 'पटकपटक ध्यानाकर्षण गर्दै आएकोमा हालसम्म न्यायोचित सम्बोधन नभएकाले समयानुकूल पारिश्रमिक वृद्धि नहुन्जेल परीक्षण कार्यमा सहभागी नहुने व्यहोरा अवगत गराउँदै पुन : ध्यानाकर्षण गराउँछौं ।' यसबाट पर्न जाने असर प्रति संघीय सरकार नै जिम्मेवार हुनुपर्ने उनीहरुले बताएका छन् । *(स्रोतः अनलाईनखबर)*

# राप्रपा नेपाल मकवानपुरमा चार जना मनोनित

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपाल मकवानपुरले रिक्त रहेको पदमा चार जनालाई मनोनित गरेको छ । आइतबार बसेको पार्टी जिल्ला कार्यसमितिको बैठकले चार रिक्त पदमा मनोनित गरेको पार्टीका सचिव भृगु कार्कीले जानकारी दिनुभयो ।

राप्रपा नेपाल मकवानपुरका अध्यक्ष गुरुप्रसाद सापकोटाले रिक्त रहेको प्रवक्ता पदमा प्रल्हाद बानियाँलाई नियुक्त गर्नुभएको छ । यस्तै, इन्दिरा पाठकलाई सहकोषाध्यक्षमा नियुक्त गर्नुभएको हो । गीता सापकोटा र भगवान बर्तौला सदस्य पदमा मनोनित हुनुभएको सचिव कार्कीले जानकारी दिनुभयो ।

यसअघि नै ४० सदस्यीय जिल्ला पार्टी समिति गठन भएपनि उक्त पदहरु रिक्त रहेको थियो । मनोनित हुनेहरुको पद आगामी महाधिवेशनसम्म रहनेछ । राप्रपा नेपालले आगामी फागुन महिनामा अधिवेशन गर्ने तयारी थालेको छ । आइतबार बसेको बैठकले मकवानपुरका सबै स्थानीय तह र वडा तहमा समिति गठन गर्न आवश्यक तयारी थाल्ने निर्णय गरेको सचिव कार्कीले बताउनुभयो । यस्तै, पार्टीका पुराना सदस्यहरुलाई फेरि पार्टीमा जोड्ने गरी तयारी थाल्ने उहाँले बताउनुभयो ।

# हेटौंडा र बकैयामा आगलागी, १४ लाख बराबरको क्षति

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको हेटौंडा उपमहानगरपालिका र बकैया गाउँपालिकामा एकै दिन आगलागी भएको छ । शनिबार २ स्थानमा भएको आगलागीमा १४ लाख रुपैयाँ बराबरको क्षति भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको हो ।

हेटौंडा उपमहानगरपालिका-१६, आकाशधारा बस्ने शेरबहादुर गोलेको जस्ताले छाएको काठको एक तले घरमा बिजुलीको तार सर्ट भई आगलागी भएको छ । आगलागी हुँदा घरभित्र रहेको अन्नपात, लत्ताकपडा भाँडावर्तन र नगद एक लाख गरी आठ लाख रुपैयाँ बराबरको सामानहरु जलेर नष्ट भएको छ । अन्य मानवीय तथा चौपायको क्षति नभएको प्रहरीले जनाएको छ ।

यस्तै, बकैया गाउँपालिका-१, बिजुलडाँडामा ७२ वर्षीय बलबहादुर मोक्तानको १ तले जस्ताको छानो भएको कच्ची घरमा र खरले छाएको गोठमा आगलागी भएको छ ।

मुनाल सामुदायिक वनबाट सल्किएको आगोबाट घरगोठमा आगोलागी हुँदा अन्नपात, लत्ताकपडा, भाँडावर्तन र गोठमा रहेका काठपात पूर्ण रुपमा जली नष्ट भएको हो ।

आगलागीबाट ६ लाख रुपैयाँ बराबरको क्षति भएको छ । आगो पूर्णरुपमा नियन्त्रणमा आएको र मानवीय, चौपाय क्षति नभएको प्रहरीले जनाएको छ ।

सुचना सुचना सुचना

यस उपयोगी सहस्राब्दी बचत तथा ऋण सहसकारी संस्था लिमिटेडको आ.ब. २०८१/०८२ मा अधिवेशन समेत रहेकोले यस संस्थाको संशोधित विनियम, २०७९ को परिच्छेद ९ को दफा ७४ को उपदफा ७ मा संचालक पद र लेखा सुपरिवेक्षण समितिमा उम्मेदवारीका लागि बान्छनीय योग्यता अन्तर्गत सहकारी व्यवस्थापन तालिम र लेखा सुपरिवेक्षण सम्बन्धी तालिमको प्रमाणपत्र पेश गर्नुपर्ने प्रावधान रहेको हुँदा यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र इच्छुक शेयर सदस्यहरुले संस्थाको मुख्य कार्यालयमा आफ्नो नाम टिपाउन हुन अनुरोध गरिन्छ । साथै तालिम संचालन मिति, समय र स्थान सम्बन्धी जानकारी सम्बन्धित इच्छुक शेयर सदस्यहरुलाई फोन मार्फत गराइने व्यहोरा समेत जानकारी गराइन्छ ।

उपयोगी सहस्राब्दी बचत तथा ऋण सहसकारी संस्था लि
हेटौडा-११, मकवानपुर

# लागु औषधसहित २ जना पक्राउ

काठमाडौंः चामलको बोराभित्र लागु औषध लुकाएर ओसारपसार गरेको आरोपमा दुई जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेहरुमा सप्तरीको खडक नगर पालिका-११ वनौलीका ४७ वर्षीय राम लोचन मुखिया र सप्तरीकै बरहथवा नगरपालिका-११ घर भएका ४ वर्षकै कमल अधिकारी छन् । लागू औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको हो । ६ वैशाखमा नागढुंगा चेकपोष्टबाट डाइजापाम, नोर्फिन र फेनारगन गरी ३ हजार ३०८ ट्याब्लेटसहित मुखियालाई प्रहरीले पक्राउ गरेको थियो । चामलको बोराभित्र लुकाएर उनले उक्त लागु औषध ल्याएका थिए ।

उक्त लागु औषध काठमाडौं आइसकेपछि अधिकारीले बेच्ने गरेको पाइएपछि उनलाई पक्राउ गरिएको ब्यूरोका प्रवक्ता तथा एसपी रामेश्वर कार्कीले बताए । *(स्रोतः अनलाईनखबर)*

विद्याधनम् सर्वधनम् प्रधानम् ।।

विद्यार्थी भर्नासम्बन्धी सूचना

शैक्षिक सत्र २०८१ का लागि निशूल्क भर्ना, पाठ्यपुस्तक, भोजन तथा आवासीय सुविधा समेत निशूल्कसहित संस्कृत वेद विद्यालयमा कक्षा-५ देखि कक्षा-८ सम्म भर्ना खुल्यो । सीमित सिट भएकोले यथाशिघ्र सम्पर्क गरी भर्ना गराउनु हुन विद्यार्थी तथा अभिभावक वर्गमा जानकारी गराइन्छ । व्यक्तित्व विकासका लागि संगीत, योग तथा कम्प्युटरसम्बन्धी विशेष प्रशिक्षणको समेत व्यवस्था गरिएको छ ।

सम्पर्कः ९८५५०-६७३२३/९८४५५-३५४३४
श्री संस्कृत वेद विद्यालय
हेटौँडा-१०, गोरक्षेश्वर दिव्यधाम, राप्तीतट

एसईई सकियो

एक साताको आराम पनि सकियो






नतीजा आउन झण्डै २ महिना बाँकी छ ।
फुर्सदको समय सदुपयोग गर्ने
र
सञ्चार क्षेत्रमा भविष्य खोज्ने तपाइँका लागि
हामी साथ दिन सक्छौं ।

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
९८४५०६८२२७
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौँडा, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ